सामाजिक सुरक्षा योजनामा १४ अर्ब ४२ करोड लाभग्राही भुक्तानी

गोपाल संग्रौला

काठमाडौं- योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा ७९ अर्ब ४२ योगदान रकम संकलन हुँदा १४ अर्ब ४२ करोड रुपैयाँ बराबरको सामाजिक सुरक्षा रकम लाभग्राहीलाई भुक्तानी गरिएको छ । यो श्रमिकबाट संकलन भएको जम्मा रकमको १८ प्रतिशत हो । गत वर्ष यो रहक १६ प्रतिशत रहेको थियो ।

२०७५ साल मंसिरबाट सुरु भएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा औपचारिक तथा वैदेशिक रोजगार र अन्य क्षेत्रमा कार्यरत श्रमिक तथा कर्मचारीले हालसम्म ७९ अर्ब ४२ करोड रुपैयाँ योगदान रकम जम्मा गरिसकेका छन् । हालसम्म जम्मा भएको योगदान रकममध्ये विभिन्न ४ योजना अन्तर्गत लाभग्राही श्रमिक र उनीहरुका परिवारले १४ अर्ब ४२ करोड रुपैयाँ सामाजिक सुरक्षा रकम प्राप्त गरिसकेको कोषका प्रवक्ता कृष्ण अधिकारीले जानकारी दिए । कोषले लाभग्राहीलाई गरेको भुक्तानी जम्मा भएको रकमको लगभग १८ प्रतिशत हो ।

सेवाग्राहीलाई भुक्तानी गरेको १४ अर्ब ४२ करोडमध्ये वृद्धा अवस्था सुरक्षा दाबीमा १२ अर्ब ८ करोड १ लाख २४ हजार रुपैयाँ वितरण भएको छ । यसैगरी औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दावी रकम एक अर्ब ९२

करोड ७८ लाख वितरण गरिसकेको कोषले जनाएको छ । आश्रित परिवार सुरक्षा दाबी वापत २३ करोड ३ लाख ९३ हजार र दुर्घटना तथा अशक्तता सुरक्षाअन्तर्गत १८ करोड ९४ लाख ८८ हजार रुपैयाँ भुक्तनी भएको कोषले जनाएको छ ।

कोषमा हालसम्म २० हजार ४९१ रोजगारदाता प्रतिष्ठान सूचिकृत भइसकेका छन् भने सूचिकृत हुने श्रमिकको संख्या २२ लाख १३ हजार ७२६ रहेको छ । तत्काल औपचारिक रोजगारीको क्षेत्रबाट अनिवार्य गरिएको सामाजिक सुरक्षा कार्यक्रममा हाल निजी संगठित क्षेत्रका १८ हजार ५८२ रोजगारदातासँग आवद्ध ५ लाख ८० हजार ६५२ श्रमिक सूचिकृत भई योगदान गरिरहेको कोषले जनाएको छ । यसबाहेक बाँकी वैदेशिक रोजगारीका क्षेत्रमा गएका १६ लाख ३२ हजार २६७, अनौपचारिक ४६१ तथा स्वरोजगार ३४६ रहेका छन् । कोषमा आबद्ध हुन रोजगारदाता सूचिकृत भई आफ्ना श्रमिक तथा कर्मचारीको समेत सम्पूर्ण विवरणसहित सूचिकरण गराउनुपर्ने कानुनी व्यवस्था छ ।

सूचिकरण भएका हरेक रोजगारदाता र योगदानकर्तालाई कोषले सामाजिक सुरक्षा नम्बर प्रदान गर्ने र सोही नम्बरमा जम्मा हुने गरी हरेक महिना समाप्त भएको १५ दिनभित्र रोजगारदाताको तर्फबाट आधारभूत पारिश्रमिकको २० र योगदानकर्ताको तर्फबाट ११ प्रतिशत रकम कट्टा गरी कोषमा अनलाइन भुक्तानी प्रणालीमार्फत रकम जम्मा गर्नुपर्ने नियम छ ।

यसैगरी कोषले सामाजिक सुरक्षा योजनामा नियमित योगदान गर्ने श्रमिक तथा कर्मचारीले घर, शैक्षिक, सामाजिक कार्य र विशेष सापटी गरी ४ वटा सुविधा दिँदै आएको छ । सरकारले सामाजिक सुरक्षा योजनामा योगदान गर्ने श्रमिकका लागि योगदानकर्ता सापटी निर्देशिका जारी गरेपछि सापटी योजना सुरु गरिएको भएको छ । कोषले सापटी योजनाअर्न्तगत घर सापटी, शैक्षिक सापटी, सामाजिक कार्य सापटी र विशेष सापटी योजना गत भदौ गत १ गतेबाट सुरु गरिएको हो ।

यी ४ वटा सापटी योजनाअर्न्तगत विशेष सापटी सेवा लिनेको संख्या बढी रहेको कोषले जनाएको छ । योगदानकर्ता सापटी निर्देशिका अनुसार प्रक्रिया सरल मानिएको विशेष सापटी योजनामा कोषमा जम्मा भएको रकम ८० प्रतिशत लिन पाइने छ । योगदानकर्ता विशेष सापटी लिन कोषमा कम्तीमा ३६ महिना योगदान रकम जम्मा गरेका र उमेर वा सेवा अवधिको आधारमा अनिवार्य अवकाश हुन कम्तीमा दुई वर्ष सेवा अवधि बाँकी रहेका योगदानकर्तालाई अवकाश कोष योजनामा जम्मा भएको रकमको अधिकतम ८० प्रतिशत रकमसम्म प्रदान गर्न सकिने प्रावधान रहेको छ ।

परराष्ट्र मन्त्रालयले भन्यो
नेपाल आतंकवादविरुद्धका सबै लडाइँमा उभिन्छ

काठमाडौं (कास)- भारत-पाकिस्तान द्वन्द्व चर्किइरहँदा परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै नेपाल सबै प्रकारका आतंकवादविरुद्ध उभिने जनाएको छ ।

पहलगाममा भएको अप्रिल २२ मा भएको आतंकवादी आक्रमणपछि बढेको दुई देशबीचको तनावले नेपाल सरकार चिन्तित रहेको पनि परराष्ट्र मन्त्रालयले जनाएको छ । पहलगाममा घटनामा १ जना नेपाली नागरिकसहित २६ जनाको मृत्यु भएको थियो ।

परराष्ट्र मन्त्रालयले विज्ञप्तिमा भनेको छ, 'उक्त दुःखद घटनामा नेपाल र भारत एकठाउँमा उभिएका थिए ।' साथै परराष्ट्र मन्त्रालयले सो आततायी आतंकवादी आक्रमणको तत्कालै आलोचना गरेको पनि जनाएको छ ।

साथै नेपालले आफ्नो भूमिबाट छिमेकी मुलुकविरुद्ध हुने कुनै पनि प्रकारका अवाञ्छनीय गतिविधि हुन नदिने जनाएको छ । त्यस्तै नेपालले दुई देशबीचको द्वन्द्व कम हुने आशा राख्दै यस क्षेत्रमा स्थिरता र शान्ति स्थापना हुने बताएको छ ।

बीजेपी वरिष्ठ नेता कोश्यारी र दाहालबीच भेटवार्ता

काठमाडौं (कास)- भारतीय सत्तारुढ पार्टी भाजपाका नेता भगत सिंह कोश्यारीले प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग भेट गरेका छन् ।

उनले बिहीबार दाहाल निवास खुमलटार पुगेर भेटघाट गरेका हुन् । मंगलबार राती ललितपुरको एक रिसोर्टको शौचालयमा लडेर घाइते भएयता दाहालको यो पहिलो सार्वजनिक भेटघाट हो । भारतको महाराष्ट्र राज्यका पूर्वराज्यपाल रहेका कोश्यारी नेपालसम्बन्धी जानकार नेता मानिन्छन् । उनी नेपाल-भारत सीमालगायत सम्पूर्ण विषयमा सुझाव दिन गठित नेपाल भारत प्रबुद्ध व्यक्ति

समूह(ईपीजी)को भारतका संयोजक थिए ।

कोश्यारी उत्तराखण्डका पूर्वमुख्यमन्त्री समेत हुन् । केही दिनअघि मात्रै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विशेष दूत बनेर भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवाले नेपाल आएका थिए । उनले दाहालसहित २ दर्जन भन्दाबढी नेपाली नेताहरुसँग भेट गरेका थिए ।

नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला सुरु

उत्पादन र उत्पादकत्व वृद्धि गरी नेपाली वस्तु निर्यातमा लाग्न उद्योग मन्त्रीको आग्रह

काठमाडौं (कास)- नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०२५ को यो दशौं संस्करण काठमाडौंको भुकृटीमण्डपमा सुरु भएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय/ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (टीइपीसी) को सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघको आयोजना एवं ललितपुर उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग महासंघको सहआयोजनामा बिहीबार सुरु भएको मेला वैशाख २९ गतेसम्म चल्ने छ ।

मेलाको उद्घाटन गर्दै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारले निजी क्षेत्रले भने अनुसार नीतिगत सुधारको लागि सरकारले काम गरिरहको उल्लेख गर्दै नेपाली उद्योगी व्यवसायीलाई उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धनमा लाग्न आग्रह गरे । नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर र समृद्ध बनाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै मन्त्री भण्डारीले सरकारले पनि औद्योगिक विकास, स्वदेशी उत्पादनको बजारीकरण र निर्यात प्रवर्द्धनका लागि विभिन्न नीतिगत सुधार र सहजीकरणका प्रयास गरिरहेको बताए ।

उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले नेपाली उत्पादनको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन र मुलुकको आर्थिक विकासमा मेलाले महत्वपूर्ण योगदान पुऱ्याउने बताए । मुलुकको अर्थतन्त्र अझै पनि जटिल मोडमा रहेको र बजारमा माग बढ्न नसकेको अवस्थामा आफूहरुले मेला आयोजना गरेर बजारमा सकारात्मक सन्देश दिन खाजेको उनको धारणा थियो । 'मेलाले स्वदेशी तथा विदेशी उद्योगी व्यवसायीबीच व्यापारिक सम्बन्ध विस्तार गर्न, लगानी आकर्षित गर्न, र रोजगारी सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्ने हाम्रो अपेक्षा छ' वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने ।

नेपाल, चीन र बंगदादेशका गरी १२० बढी स्टल रहेको मेलामा विभिन्न देशका व्यापारिक प्रतिनिधिसँग भेटघाट र छलफलले द्विपक्षीय व्यापार र लगानीका अवसरका बारेमा पनि कुराकानी हुने महासंघका केन्द्रीय सदस्य तथा मेला समितिका सभापति उमेश डालमियाले जानकारी दिए ।

महामारीमा उपयोग गरिने उच्च प्रविधियुक्त प्रयोगशाला उद्घाटन

काठमाडौं (कास)- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा संक्रामक रोग तथा महामारीका बेला सुरक्षित नमूना परीक्षण गर्ने उद्देश्यले उच्च प्रविधियुक्त ल्याब एकाइ स्थापना गरिएको छ ।

ल्याबको उद्घाटन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले प्रयोगशालालाई पछिल्ला दिनमा सबलीकरण गर्न मन्त्रालयले प्राथमिकतासाथ काम गरेको भन्दै प्रयोगशाला परीक्षणमा नेपाललाई आत्मनिर्भर बनाउनका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताए । 'यस प्रयोगशालालाई पूर्ण क्षमताको केन्द्रीय प्रयोगशालाका रुपमा विकास गर्नु आवश्यक छ' उनले भने, 'यसमा हाम्रो सहयोगी भूमिका रहनेछ ।'

मन्त्री पौडेलले स्वास्थ्य क्षेत्रका सहयोगी दातालाई प्रयोगशाला

व्यवस्थित बनाउनका लागि सहकार्यका लागि आग्रह गरे । मन्त्री पौडेलले नेपालमा परीक्षण सम्भव नभएका क्यान्सरका जटिल परीक्षणका लागि प्रयोगशालामा गर्ने व्यवस्था मिलाएका थिए । उनले विभिन्न सरकारी अस्पतालमा सम्भव नभएका परीक्षणका लागि समेत प्रयोगशालामार्फत सुपथ मूल्यमा गर्ने गरी व्यवस्था मिलाएका थिए ।

नेपालमा पहिलो पटक निर्मित ल्याब करिब चार करोड लागतमा निर्माण सम्पन्न भएको प्रयोगशालाका निर्देशक डा. रञ्जन भट्टले बताए । ल्याब उद्घाटनकै अवसरमा नेपालमा प्राथमिकता प्राप्त ५२ रोगको परीक्षणका लागि आवश्यक उपकरण विश्व स्वास्थ्य संगठनले मन्त्रालयलाई हस्तान्तरण गरेको छ । अब यी किटहरु प्रदेश तथा जिल्ला तहका अस्पतालसम्म पुऱ्याइने र यसले परीक्षण सहज हुने विश्वास गरिएको भट्टले बताए ।

राजावादी समूहको घोषणा
जेठ १५ देखि अनिश्चितकालीन आन्दोलन

काठमाडौं (कास)- राजावादी समूहले यही जेठ १५ गतेदेखि राजसंस्था पुनःस्थापनाका लागि भन्दै अनिश्चितकालीन आन्दोलन गर्ने घोषणा गरेका छन् ।

बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच राजसंस्था पुनःस्थापनाका लागि भन्दै बनाइएको संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले 'सशक्त जनदबाब सिर्जना गर्न जेठ १५ गतेदेखि अनिश्चितकालीन जनआन्दोलन गर्ने' घोषणा गरेका हुन् ।

आन्दोलनको संयोजन सुवेदी नेतृत्वको समितिमार्फत नै हुने पनि बताइएको छ । संयोजक सुवेदीले उक्त आन्दोलन शान्तिपूर्ण हुने बताए । त्यस्तै आन्दोलनको स्वरूप भद्र अवज्ञा र सत्याग्रह हुने पनि उनले बताए । उनले भने, 'हाम्रो आन्दोलन कुनै दल वा सरकारका विरुद्ध होइन । निरकुंशता र सर्वसत्तावादको अन्त्य गरी तथा जनतामा निहित सार्वभौमसत्ता र जनताको निर्णायकत्वलाई थप सुदृढ तुल्याई जनतालाई व्यवहारिक रूपमा देशको मालिक भएको अनुभूति दिलाउनु आन्दोलनको मुख्य ध्येय हुनेछ ।'

त्यस्तै समितिले गत चैत १५ गते तीनकुने प्रदर्शनका क्रममा पक्राउ परेका राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायतको रिहाइ माग गरेको छ । व्यवसायी दुर्गा प्रसाईंले अगुवाइ गरेर गत चैत ४ गते राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष नवराज सुवेदीको नेतृत्वमा राजसंस्था पुनःस्थापनाका लागि संयुक्त जनआन्दोलन समिति गठन गरिएको थियो ।

'कृषि नारामा मात्रै होइन, बजेटमा पनि सम्बोधन हुन्छ'

दाङ (कास)- लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम र बजेटमा सम्बोधन गर्ने बताएका छन् ।

लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको प्रदेश सुशासन केन्द्रले आयोजना गरेको 'प्रदेश सरकार र स्थानीय सरकारका प्रमुखबीच साझा सवालहरू' विषयक अन्तरक्रियामा उनले यस्तो बताएका हुन् । उनले कृषि नीतिमा प्राथमिकता पाउने तर बजेटमा नपर्ने समस्यालाई अब समाधान गर्दै आगामी वर्षदेखि सुनिश्चित बजेट व्यवस्था गरिने स्पष्ट पारे । उनले तीन तहका सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रम ल्याउनु पर्नेमा जोड दिए ।

'तीन तहका सरकारको ध्यान पूर्वाधार मै सीमित भयो । अब जनतालाई उत्पादनसँग जोड्ने गरी कार्यक्रम बनाउनु आवश्यक छ' उनले भने, 'गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर माथि उठाउन संयुक्त कार्यक्रम आवश्यक छ ।' मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय सरकारबीचको सम्बन्धलाई अझ नजिक बनाउने प्रयास भइरहेको बताउँदै साझा कार्यक्रमको विकासमार्फत अघि बढ्ने लक्ष्य रहेको बताए । उनले साझा लक्ष्यहरूमा समृद्ध लुम्बिनी निर्माण, सेवा प्रवाहलाई चुस्त बनाउने र जनताको जीवनस्तर सुधार गर्ने विषय रहेको स्पष्ट पारे ।

'तीन तहका सरकारबीच समन्वय, सहकार्य र सह अस्तित्व आवश्यक छ । वर्तमान सरकार सहकार्यमा अनुदार छैन । जनताको आशा र भरोसाको सरकारका रूपमा स्थापित हुन सफल भएका छौं । सरकार निरन्तरता प्राप्त उत्तराधिकारी हो' उनले भने 'विगतका वर्षमा बजेटको आकार बढाउँदा बिकृति बढ्यो । अब प्रदेश सरकारले घाटाको बजेट नल्याउने प्रण गरेको छ । अधुरा योजना सम्पन्न गर्ने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउँछौं ।'

शिक्षामा गरिएको लगानीको अपेक्षा अनुसार प्रतिफल नआएको भन्दै उजले अब प्रतिफल दिने योजना बनाउनुपर्ने उल्लेख गरे । विद्यार्थी संख्या कम भएका विद्यालयलाई गाभ्ने (मर्ज गर्ने) नीतिलाई निर्ममताका साथ कार्यान्वयन गर्नुपर्ने धारणा राखे ।

स्वास्थ्यको सन्दर्भमा स्थानीय तहमा निर्माणाधीन १५ बेडका आधारभूत अस्पतालहरूको सञ्चालन खर्च प्रदेश र स्थानीय सरकारले बोक्न नसक्ने भएकाले संघीय सरकारले नै जिम्मेवारी लिनुपर्ने उनको भनाइ थियो ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल बैशाख महिना २६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) कर्जा शिर्षक : ब्यावसायीक अधिबिकर्ष तथा आवधिक कर्जा

ऋणीको विवरण

नाम : **कल्पना जनरल स्टोर्स** प्रोप्राइटर नाम : कल्पना पोखेल प्राइभेट फर्म दर्ता : १०१७-८-२०७९/८०
दर्ता मिति : २०७९/१२/२२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय
स्थायी लेखा नं. : ६१९६०९७१७ प्राइभेट फर्मको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) नारायण प्रसाद पोखेलको छोरी भिमार्जन बेल्वासेको बुहारी नरहरी बेल्वासेको पत्नी अर्घाखाँची जिल्ला आईगुरी वडा नं. ७ हाल, रुपन्देही जिल्ला सद्धार्थनगर न.पा वडा नं. ८ बस्ने **कल्पना पोखेल** (ना.प्र.नं. : ६३०५/४९४/०४४ जारी मिति र जिल्ला : २०६०/०७/२०, अर्घाखाँची)

२) एकदेव बेल्वासेको नाति भिमार्जन बेल्वासेको छोरा अर्घाखाँची जिल्ला खिदिम गा.वि.स वडा नं. १ हाल, रुपन्देही जिल्ला सद्धार्थनगर न.पा वडा नं. ८ बस्ने **नरहरी बेल्वासे** (ना.प्र.नं. : १०२१८/२४३० जारी मिति र जिल्ला : २०५४/०७/०५, अर्घाखाँची)

२) कर्जा शिर्षक : आवास कर्जा

ऋणीको विवरण

गनपत अहिरको छोरी राम चैत्र अहिरको बुहारी दयाराम यादवको पत्नी रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. २ हाल, सद्धार्थनगर न.पा वडा नं. ८ बस्ने **रमाउती यादव** (ना.प्र.नं. : ४/३/१८२७ जारी मिति र जिल्ला : २०४६/१०/२२, रुपन्देही)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

राम चैत्र अहिरको नाति दयाराम यादवको छोरा रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा वडा नं. २ हाल, सद्धार्थनगर न.पा वडा नं. ८ बस्ने **कुमकुम यादव** (ना.प्र.नं. : ३७-०१-७७-०५२९२ जारी मिति र जिल्ला : २०७७/०९/१५, रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०१/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरि लिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण (काँडाघारी शाखा, काठमाडौं)**

वेखमान सिंह बाडेको नाति बिकु बहादुर बाडेको छोरा भक्तपुर जिल्ला, नगदेश गा.प. वडा नं. १ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. ८४३ (जारी मिति २०४६/२/२६, स्थानः भक्तपुर) भएका **तुल्सी राम बाडे ।**

कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. बिकु बहादुर बाडेकी नातिनी तुल्सी राम बाडेकी छोरी भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. २९-०१-०६८-०३६१७ (जारी मिति २०६८/०८/१९, स्थान भक्तपुर) भएकी **सबिना बाडे ।**
२. गणेश कुमार कालुकी छोरी, बिकु बहादुर बाडेकी बुहारी, तुल्सी राम बाडेकी श्रीमती भक्तपुर जिल्ला, नगदेश गा.प. वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. ८७४ (जारी मिति २०४६/२/२६, स्थान भक्तपुर) भएकी **गणेश देवी कालु ।**

धितोको विवरण

भक्तपुर जिल्ला, नगदेश गा.प. वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ७ बस्ने, **गणेश देवी कालु**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३५, नक्सा सीट नं १०२११४८२० मा अवस्थित कि.नं. २३९ क्षेत्रफल १६८.९२ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२ **ऋणीको नाम र ठेगानाको विवरण (नयाँ बानेश्वर शाखा, काठमाडौं)**

बिष्णु बहादुर कार्कीकी नातीनी, तेज बहादुर कार्कीकी छोरी, ओखलढुङ्गा जिल्ला, प्राप्चा गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. १३-०१-७०-००२९१ (जारी मितिः २०७०/१०/१२, स्थानः ओखलढुङ्गा) भएकी **कविता कार्की ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

हरिसचन अगरवालकी नातीनी, सतिसचन अगरवालकी छोरी, ओखलढुङ्गा जिल्ला, प्राप्चा गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. १३१०१९/३ (जारी मितिः २०६५/०७/०५, स्थानः ओखलढुङ्गा) भएकी **मधु अगरवाल (कार्की) ।**

३ **ऋणीको नाम र ठेगानाको विवरण (नयाँ बानेश्वर शाखा, काठमाडौं)**

तेज बहादुर थापाकी नातीनी, राम बहादुर थापाकी छोरी, सर्लाही जिल्ला, ढिकुरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ३८७४०३७१ (जारी मिति २०५८/१/१७, स्थान सर्लाही) भएकी **विमला थापा ।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

पदम बहादुर खड्काको नाति बाल धर सिं खड्काको छोरा उदयपुर जिल्ला, त्रियुगा गा.वि.स. वडा नं. १७ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ३०६६ (जारी मिति २०५७/१२/१६, स्थान उदयपुर) भएका **बिमल कुमार खड्का ।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

टीबीआई पब्लिकेसन्स लिमिटेड, ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं, नेपाल । द. नं. ५६/०६६/०६७ । फोन : ०१-४७९५०००, फ्याक्स : ०१-४७९५६६५, पोस्ट बक्स नं. १०४०७ । इमेल : editor@karobardaily.com । मुद्रक : एक्सप्रेस कलर प्रेस कं. प्रालि बुद्धनगर, कामनपा । गो.हु.का.द.नं. २/०८०/०८१ । अध्यक्ष : भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक : शिशीर भट्ट । सम्पादक : बालकृष्ण ज्ञवाली
TBI Publications Limited, 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu, Nepal | Regd. 56/066/067 | Tel. : +97714795000, Fax: +97714795665 | P.O. Box: 10407 | Printed at : Express Colour Press | Chairman: Bhaban Bhatta | Managing Director/ Managing Editor: Shisheer Bhatta | Editor: Balkrishna Gnawali